# वार्षिक प्रगति पुस्तिका

## आ.व. २०८०/०८१




गण्डकी प्रदेश सरकार

उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय

वन निर्देशनालय

## डिभिजन वन कार्यालय, मुस्ताङ

२०८१

डिभिजन वन कार्यालय, मुस्ताङवाट संचालन भएका सम्पूर्ण कार्यक्रमहरुको

# वार्षिक प्रगति पुस्तिका
# आ.व. २०८०/०८१

## कम्पाईल गर्ने
अधिकृत दिपेन्द्र क्षेत्री

गण्डकी प्रदेश सरकार

उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय

वन निर्देशनालय

## डिभिजन वन कार्यालय, मुस्ताङ


फोनः ०६९-४४०११७, ९८५७६५०२१७

ईमेलः dfomustang@gmail.com

वेबसाइटः www.dfomustang.gov.np


२०८१, असार

# दुई शब्द



मुस्ताङ जिल्ला हिमाल पारीको सुन्दर मनोरम धार्मिक तथा पर्यटकीय जिल्लाको नामले परिचित जिल्ला हो। नेपालको भू-भागको २.४२ प्रतिशत क्षेत्रफल ओगटेको नेपालको जनसंख्याको हिसाबले दोस्रो सानो जिल्ला मानिन्छ। वन क्षेत्र (वन, बुट्यान, झाडी समेत गरी) करिब ८ प्रतिशत रहेको छ। जति उत्तर भेग तर्फ लाग्यो उति उति कम प्रतिशत वन क्षेत्रले ढाकेको छ। धौलागिरी हिमालय र निलगिरी हिमालको बीचमा अवस्थित यो जिल्ला लाई धन्नै बीचौबीचबाट पवित्र कालिगण्डकी नदीले चिर्दै लगेकी छन्।

बि.सं. २०४० सालमा क्षेत्रीय वन निर्देशनालय स्थापना भएपछि २०४३/०४४ सालदेखि जोमसोममा जिल्ला वनको रुपमा स्थापना भई काम कार्य गर्दै आएकोमा प्रजातन्त्रको पुर्नवाहाली पछि २०५० सालमा वन विभागको संगठनमा परिवर्तन भएपछि ७४ जिल्लामा जिल्ला वन कार्यालय स्थापना भएपनि मुस्ताङ जिल्लामा जिल्ला भू-संरक्षण कार्यालय स्थापना भई काम कार्य भई आइरहेकोमा २०७५ साल भाद्र १ देखि डिभिजन वन कार्यालय मुस्ताङको स्थापना भई दैनिक सूचारु रुपमा कार्य भईरहेको छ।

जिल्लाको अधिकांश क्षेत्र अन्नपूर्ण संरक्षण क्षेत्र आयोजनाले संरक्षण व्यवस्थापन गर्दै आएपनि नेपाल राजपत्र (भाग ३ खण्ड ४२ संख्या ५४ मिति २०४९/०४/०५) अनुसार उत्तरमा शान्ता खोला हुँदै कालिगण्डकी नदी पश्चिमको भाग डिभिजन वन कार्यालयको कार्यक्षेत्र देखिएतापनि सो बारेमा स्पष्ट निर्णय भई क्षेत्र स्पष्ट नआईसकेतापनि सम्पूर्ण जिल्ला भर वन सम्बन्धी विभिन्न संरक्षण लगायतका विकास कार्यहरु जस्तैः वृक्षरोपण, जडिबुटी विकास र खेती विस्तार, जग्गा धनीलाई फलफूल लगायतका डाले घाँस, जडिबुटी विरुवा, काठ जन्य विरुवा निःशुल्क वितरण गर्ने कार्य, कालिगण्डकी लगायतका नदी खोला नियन्त्रण कार्य, डढेलो नियन्त्रण, प्रचारप्रसार कार्य, वन्यजन्तु संरक्षण कार्य, अध्ययन अनुसन्धान तथा वन, वातावरण संरक्षण सम्बन्धी कार्यहरु गर्दै आई रहेको छ।

अन्त्यमा, यो पुस्तिकालाई सकेसम्म उपयोगि जानकारी मुलक तथा त्रुटि रहित बनाउने प्रयास गर्दागर्दै पनि कहीं कतै त्रुटि रहन गएको भए आगामी दिनमा यस किसिमको सामग्री प्रकाशन गर्दा समेट्नु पर्ने विषयहरुको बारेमा पनि सम्बद्ध पाठकहरुको तर्फबाट रचनात्मक सुझावको अपेक्षा गरेको छु। यस पुस्तिका प्रकाशन गर्न अहोरात्र खटिनु हुने अधिकृत दिपेन्द्र क्षेत्रीलाई विशेष धन्यवाद सहित सहयोग गर्नु हुने सम्पूर्ण कर्मचारीहरुलाई हार्दिक धन्यवाद दिन चाहन्छु।

**मनोज रानाभाट**
**डिभिजनल वन अधिकृत**

# विषयसूची


| सि.नं. | | शीर्षक | पेज नं. |
|---|---|---|---|
| १ | **भाग १: डिभिजन वन कार्यालय मुस्ताङको परिचय** | | |
| | १ | मुस्ताङ जिल्लाको सामान्य परिचय | १ |
| | १.१ | ऐतिहासिक पृष्ठभूमि र परिचय | १ |
| | १.२. | भौगोलिक अवस्था तथा बनोट | ६ |
| | १.३. | जियोलोजी, चट्टान, माटो र खनिज | ६ |
| | १.४. | जलबायु तथा वर्षा | ७ |
| | १.५. | भू-उपयोग | ७ |
| | १.६. | डिभिजन वन कार्यालयको संक्षिप्त परिचय | ८ |
| | १.७. | मौजुदा बन संगठन | ९ |
| | १.८. | डिभिजन वन कार्यालय, मुस्ताङको प्रस्तावित कार्यक्षेत्र | ११ |
| | १.९. | मुख्य उपलब्धीहरु | १२ |
| | १.१० | अवसर | १२ |
| | १.११ | चुनौती/सवालहरु/समस्या | १२ |
| २ | **भाग २ : संघिय सशर्त तर्फको कार्यक्रमको कार्यप्रगति** | | |
| | २.१. | राष्ट्रिय बन विकास तथा व्यवस्थापन कार्यक्रम | १५ |
| | २.२. | वन क्षेत्र अतिक्रमण नियन्त्रण तथा व्यवस्थापन कार्यक्रम | १६ |
| | २.३. | वन डढेलो व्यवस्थापन कार्ययोजना कार्यान्वयन | १७ |
| | २.४. | नदी उकास जग्गामा वृक्षारोपण/वन पुनर्स्थापना कार्यक्रम | १७ |
| | २.५. | मानव वन्यजन्तु द्वन्द्व न्यूनीकरण | १८ |
| ३ | **भाग ३ : प्रदेश सरकार तर्फको कार्यक्रमको कार्यप्रगती** | | |
| | ३.१. | पूँजीगततर्फ | २१ |
| | ३.२. | कार्यक्रम तर्फ | २५ |
| | ३.३. | चालू तर्फ | ३० |
| अनुसूची १ | | वार्षिक कार्यप्रगति पठाईएको सम्बन्धमा | ३२ |
| अनुसूची २ | | बिरुवा उत्पादन तथा वृक्षारोपण | ४२ |
| अनुसूची ३ | | आ.ब. २०८०/८१ मा सिर्जना भएको रोजगारीको विवरण | ४३ |
| अनुसूची ४ | | कार्यालयबाट सञ्चालित कार्यक्रमहरुको झलक | ४४ |

# भाग-१

## डिभिजन वन कार्यालय, मुस्ताङको परिचय

# १. मुस्ताङ जिल्लाको सामान्य परिचय

## १.१ ऐतिहासिक पृष्ठभूमि र परिचय

करिब ३००० बर्ष भन्दा अगाडिको पुरातात्विक उत्खनन्बाट देखिए अनुसार यो क्षेत्र परापूर्वकालमा नेपाल र तिब्बतबिचको ब्यापारिक मुख्य नाका रहेको बुझिन्छ। नेपालका धेरै जसो जिल्लाहरुको नामाकरण कुनै खोला, स्थान वा घटनाका आधारमा गरिएको भए तापनि यस जिल्लाको नामाकरण औषधीको नामबाट भएको पाईन्छ। तिब्बतीयन भाषामा मन् भनेको औषधी र थाङ भनेको चौरबाट मनथाङ अपभ्रस हुंदै मुस्ताङ हुन आएको हो भन्ने जनश्रुति रहेको छ। जडिबुटीका हिसाबले प्रसिद्ध रहेकोले पनि यस जिल्लाको नामाकरण औषधीकै नामबाट भएको हो भन्ने बिश्वास गर्न सकिन्छ।

### १.१.१. जिल्लाको राजनैतिक विभाजनः

मुस्ताङ्ग जिल्लाको राजनैतिक विभाजन देहायबमोजिम रहेको छ।

| | | |
|---|---|---|
| प्रदेश | : | गण्डकी |
| साविक अञ्चल | : | धौलागिरी |
| जिल्ला | : | मुस्ताङ |
| जिल्ला सदरमुकाम | : | जोमसोम |
| संघीय निर्वाचन क्षेत्र | : | १ |
| प्रदेश निर्वाचन क्षेत्र | : | २ |
| साविक ईलाका | : | ९ |
| गाउपालिका | : | ५ |

**तालिका नं. १.१ गाउँपालिका अनुसारको विवरण**

| क्र.सं | स्थानीय तहको नाम | समावेश गाविस / नगरपालिका | वडा संख्या | जनसंख्या | क्षेत्रफल (वर्ग कि.मी.) | गाउँपालिका केन्द्र |
|---|---|---|---|---|---|---|
| १ | घरपझोङ गाउँपालिका | जोमसोम, मार्फा र टुकुचे (८,९) गा.वि.स. | ५ | ४८७५ | ३१६ | जोमसोम |

| क्र. सं | स्थानीय तहको नाम | समावेश गाविस / नगरपालिका | वडा संख्या | जनसंख्या | क्षेत्रफल (वर्ग कि.मी.) | गाउँपालिका केन्द्र |
|---|---|---|---|---|---|---|
| २ | थासाङ गाउँपालिका | टुकुचे (१-७), कोवाङ, लेते र कुन्जो गा.वि.स. | ५ | ३५७८ | २८९ | कोवाङ |
| ३ | लो-घेकर दामोदरकुण्ड गाउँपालिका | चराङ, घमी र सुर्खाङ गा.वि.स. | ५ | १५३५ | १३४५ | चराङ |
| ४ | लोमन्थाङ गाउँपालिका | छोसेर, छोन्हुप र लोमन्थाङ गा.वि.स. | ५ | १९९७ | ७२३ | लोमन्थाङ |
| ५ | वारागुङमुक्तिक्षेत्र गाउँपालिका | मुक्तिनाथ, झोङ, छुसाङ र कागवेनी गा.वि.स. | ५ | २६११ | ८८४ | कागबेनी |
| जम्मा | | | २५ | १४५९६ | ३५५७ | |

**सिमाना**

उत्तर : चीनको स्वशासित क्षेत्र तिब्बत
दक्षिण : म्याग्दी जिल्ला
पूर्व : मनाङ जिल्ला
पश्चिमः डोल्पा जिल्ला

### १.१.२. सामाजिक तथा आर्थिक अवस्थाः

#### १.१.२.१. जनसंख्या

वि.स.२०७८ को राष्ट्रिय जनगणनाको प्रारम्भिक नतिजा अनुसार मुस्ताङ जिल्लाको कुल जनसंख्या १४५९६ मध्ये ८१७४ पुरुष र ६४२२ महिला रहेका छन् ।

**तालिका नं. १.२ घरधुरी र जनसंख्या विवरण**

| क्षेत्र | परिवार संख्या | घरधुरी संख्या | जनसंख्या | | |
|---|---|---|---|---|---|
| | | | पुरुष | महिला | जम्मा |
| मुस्ताङ जिल्ला | ३७५१ | ३२६८ | ८१७४ | ६४२२ | १४५९६ |

*स्रोत : राष्ट्रिय जनगणना, २०७८*

१.१.२.२. **जातजाति**

उच्च पहाडी दुर्गम हिमाली जिल्ला भएको हुनाले यहांको जनजिवन भिन्नै प्रकारको छ। सदरमुकाम देखि उत्तरतिर अर्थात उपल्लो मुस्ताङमा भोटे गुरुङ, विष्ट र ठकुरी जातिहरुको बाहुल्यता छ भने दक्षिणितिर अर्थात उपल्लो मुस्ताङमा थकाली समुदायको अतिरिक्त दलित तथा अन्य जातिहरुको बसोबास भएको पाईन्छ।

१.१.२.३. **आर्थिक अवस्था**

नेपाल आर्थिक दृष्टिकोणले विश्वका गरिब राष्ट्र भित्र पर्छ तर मानव विकास सुचाङ्क अनुसार मुस्ताङ जिल्ला प्रतिव्यक्ती २४६६ अमेरिकी डलर भएको अपेक्षाकृत धनी जिल्ला हो।

**१.१.३. धर्म, संस्कृति, भाषा**

१.१.३.१. **धर्म र संस्कृति र रितिरिवाज**

भोटेगुरुङ तथा थकाली जातिहरु बौद्ध धर्म मान्दछन् भने दलित तथा अन्य जातहरु हिन्दु धर्म प्रति आस्थावान देखिन्छन्। जिल्लाको जातिगत विविधताको कारण सामाजिक रितिरिवाज र प्रचलन फरक रहेको छ। उत्तरी भेग, तिब्बतीयन संस्कृतिबाट प्रभावित छ भने दक्षिणी भेगमा छिमेकी जिल्लाको पनि केही प्रभाव परेको छ। बौद्ध धर्म बढी मान्ने हुनाले घ्याङ्ग र गुम्बामा पूजा आजा गर्ने लामा, झुमा बस्ने परम्परा रहेको छ। छोर्तेन, म्हाने निर्माण गर्ने चलन छ। घरको र गाउंको रक्षार्थ मूल ढोकामा याक, भेडाको टाउको झुन्ड्याउने, गाउंको वरपर ढुङ्गाको धार्मिक ग्रन्थका मन्त्रहरु लेख्ने, परम्परागत म्हाने निर्माण गर्ने र हिड्दा खेरी मानेलाई दाहिने पारेर हिड्ने चलन छ। बौद्ध धर्मावलम्बिहरुले आफ्नो परिवारको माहिलो छोरोलाई र माहिली छोरीलाई झुमाको रुपमा गुम्बामा चढाउनु पर्ने अनिवार्य प्रावधान छ। यसरी गुम्बामा चढाईएका झुमा र लामाहरुले विवाह नगरी आजीवन कुवारा बस्नु पर्ने प्रचलन यस जिल्लाको रितिरिवाजको एउटा विशेषता हो। जिल्लाका उपल्लो भेगका गांउवस्तिहरुवाट जाडोमा देशका तल्लो भेग र भारत तर्फ गई जाडो छल्नुका साथै व्यापार गरी केही आर्थिक आय आर्जन गर्ने चलन विवितै रहेको पाईन्छ।

१.१.३.२. **भाषा र भेषभूषा**

स्थानीय बासिन्दाले प्रयोगमा ल्याउने भेषभूषा र पहिरन यहांको परम्परा, मौसम तथा हावापानी अनुरुप रहेको पाईन्छ। उत्तरी भेगका पूरुषहरुको पहिरनमा खाम्से, साम्से, ढोचा, टोपी प्रमुख रहेका छन् भने महिलाहरुको पहिरनमा बख्खु, होङ्जु पाङदेन, किटी लगाउने गर्दछन्।तल्लो

भेगका थकालीहरुमा पुरुषहरुले दौरा सुरुवाल, कोट लगाउने गर्दछन् भने महिलाहरुले गुन्यु, न्होकन, टेकी, फिकी, पटुका, चोलो लगाउने गर्दछन् । पारम्परिक गहनामा मुंगाको माला, सुनको विविध गहनाहरु लगाउने गर्दछन् । उत्तरी सीमा क्षेत्र तर्फ तिब्बती भाषा संग मिल्दो गुरुङ भाषा बोलिन्छ भने दक्षिणी भेगमा थकाली भाषा बोल्ने गरिन्छ । तल्लो मुस्ताङ क्षेत्रका नेपाली भाषाकै प्रयोग बढी हुने गर्दछ ।

### १.१.४. प्रमुख सांस्कृतिक पर्व तथा चाडबाडहरु

- **फागु पूर्णिमा**: थकाली समुदायमा सवभन्दा ठूलो चाडको रुपमा लिईन्छ । तीन देखि सात दिन सम्म मनाईने यो पर्व मुख्य पितृदेवतालाई पूजाआज गरी पितृदेवको आशिर्वादले परिवारलाई रोग ब्याधि नहुने, घरमा धनधान्यले भरिपुर्ण हुन्छ भन्ने विश्वास लिएर गरिन्छ ।यस पर्वमा मिठामीठा परिकारहरु खाने गर्दछन् । पुरुषहरुले धनुवाण लिएर तारो खेलबाट मनोरञ्जन लिने गर्दछन् ।
- **ल्होसार**: उपल्लो भेगको मुख्य चाडको रुपमा ल्होसारलाई लिईन्छ। तिब्बतियन क्यालेण्डरको नयां बर्षको उपलक्ष्यमा मनाईने यो चाडमा खाने नौ विज मिसाएर बनाईने छ्युं अति पवित्र मानिन्छ। यो खोले खाएपछि मृत्यु पश्चात शान्ती पाईने किवदन्ती छ ।नववर्षको पहिलो दिन देखि मीठोमीठो परिकार खाने राम्रा राम्रा वस्त्र र गहना लगाउने र शुभकामना पहिलो दिन देखि मिठोमीठो परिकार खाने राम्रा राम्रा वस्त्र र गहना लगाउने र शुभकामना आदान प्रदाब गर्ने र तेस्रो दिन शुभ चिन्ह अंकित ध्वजाहरु पवित्र स्थलमा लगेर फहराईन्छ ।
- **तिजी**: तिजी पर्व माथिल्लो मुस्ताङमा बसोबास गर्ने गुरुङ विष्टहरुको मुख्य पर्व हो ।सामान्यतया अन्य अन्य पर्वहरुमा जस्तै यस पर्वमा पनि मानिसहरु, आफ्नो हैसियत अनुसार खानपान गर्ने, नयां लुगा, गहना लगाउने, गुम्बा, छोर्तेनमा सामुहिक पूजाआज र नाचगान गर्ने गर्दछन् । यसका अलवा १२ गाउंलेहरुको बसोबास रहेको मुक्ति क्षेत्रमा यार्तुङ, धच्याङ, त्हेकप, बक्छाम (लामानाच), फाङ्गेल (खेतीपातीको काम सिद्धिएपछि खाँदै गरिने रमाईलो र आराम) आदी चाडपर्वहरु मनाईन्छ। यस बाहेक स्थानीय हिन्दु धर्मावलमबीहरुले दशै तिहार र तिज तथा हरितालिका जस्तो चाडपर्व मनाउने गर्दछन् ।

### १.१.५. धार्मिक, सांस्कृतिक तथा पर्यटकीय स्थलहरु

- **मुक्तिनाथ मन्दिर**

बराह पुराण अनुसार सत्य युगमा सृष्टिको प्रारम्भमा भगवान बिष्णु बैकुण्ठबाट हिमालयको मुक्ति क्षेत्रमा आएर हिमालयको चुचुरामा बसी लोककल्याणका लागि धेरै वर्ष सम्म ध्यानस्थ भएर तपोरत हुनु भयो। भगवान बिष्णुको अभावमा असहाय बनी रिक्तताको अनुभव गरी सम्पुर्ण तेत्तीसकोटी देवताहु भगवान विष्णुको खोजीमा जांदा हालको मुक्तिनाथ रहेको स्थानमा कठोर तपस्यामा लीन देखे। मुक्तिनाथ मन्दिरमा रहेको १०८ धाराहरुको उत्पत्ति विष्णुको गालाबाट भएको हो भन्ने पौराणिक कथन रहेको छ। भगवान विष्णुले हिरन्यकश्यकको मुक्ति दिएकोले पनि विष्णुको नाम मुक्तिनाथको रहेको मानिन्छ। नेपालको यो मन्दिर धार्मिक सहिष्णुताको प्रतिकको रूपमा रहेको छ। यहां बौद्ध धर्मालम्बीहरुको तर्फबाट झुमा रहेन परम्परा छ। मुक्तिनाथको हालको मन्दिर पैगोडा शैलीमा विक्रम सम्वत १८७१ मा निर्मान गरिएको हो। तीन तल्ले तामाको छानो भएको यस मन्दिरको गजुरमा पित्तलमा सुनको जलप लगाइएको छ। यहां दर्शनका लागि खासगरी चैत्राष्टमी, रामनवमी, ऋषितर्पणी, बिजयादशमी आदी महत्वपूर्न मानिन्छ।

- **दामोदर कुण्ड :**

हिन्दुहरुको महत्वपुर्ण तीर्थस्थल मध्ये दामोदर कुण्ड पनि एक हो। यो कुण्ड मुस्ताङ जिल्लाको सदरमुकाम जोमसोम देखि ४७ कोष पूर्व उत्तर दिशामा सुर्खाङमा अवस्थित छ। करिब १५७११ फिटको उंचाईमा रहेको रमणीय उपत्यकामा बिभिन्न तालहरुको समुह रहेको र करिव ६ महिना हिउंले ढाक्ने उक्त तीर्तस्थल निर्जन स्थानमा रहेको छ।यहां पुग्न जोमसोम देखि करिव ५ दिनको कठिन यात्रा गर्नु पर्ने भएको बृद्ध र अशक्तहरुका लागि यो तीर्थ निकै कठिन मानिन्छ।शालिग्रामको उत्पति स्थलको रुपमा रहेको दामोदर कुण्डबाट प्रवाहित दामोदरी गंगालाई कृष्णा नदीको उद्‌गम स्थलको रुपमा मानिन्छ। स्मरणीय छ शालिग्राम विश्वमा यस क्षेत्रमा मात्र पाईन्छ।

पिण्ड तर्पन स्थान : कागबेनी

भीरमा रहेको गुम्बा : लुरी गुम्बा

वोन धर्मावलम्बी रहेको गाउं :लुप्रा

पर्खालले घेरिएको गाउं : लोमान्थाङ

दामोदर कुण्ड (लोघेकर दामोदरकुण्ड गाउंपालिका), ढुम्वा ताल (घरपझोङ गाउंपालिका), टिटि ताल, सेकोङताल (थासाङ गाउंपालिका) पनि हाल पर्यटकीय स्थानको रुपमा रहेका छन् । समग्रमा अन्नपुर्ण संरक्षण क्षेत्र भित्र पर्ने यो मुस्ताङ जिल्ला धार्मिक, भौगोलिक अवस्थित, पर्यावरण, जलवायु, ल्याण्डस्केप आदि कारणले पर्यटकीय क्षेत्र हो ।

## १.२. भौगोलिक अवस्था तथा बनोट (Configuration of ground)

### १.२.१. क्षेत्रफल र उचाई

यस जिल्लाको क्षेत्रफल र उचाईलाई निम्नानुसार वर्गीकरण गरी राखिएको छ ।

१. क्षेत्रफलः ३५५७ वर्ग कि.मी.

२. देशान्तर : ८३° ३०' देखि ८४° १५' पूर्वी देशान्तर

३. २८° २०' देखि २९° ०५' उत्तरी अक्षांसा

४. लम्बाई : पूर्व- पश्चिम,

५. चौडाई : उत्तर-दक्षिण,

६. उचाईः सवैभन्दा कम २००० मी. देखि धौलागिरी हिमाल (८१६७ मी.)

## १.३. जियोलोजी, चट्टान, माटो र खनिजः

यस जिल्लामा परिवर्तित चट्टानहरु मारवल, सिस्टोन, स्लेट, क्वार्जाईट आदि पाईन्छ। मुक्तिक्षेत्रमा पाईने काला पत्थरहरु डोलोमाईट र सीस्टोज चट्टानका तहहरु हुन् । यि चट्टानहरु ताप र चापका असरमा परेर परिवर्तित चट्टान भएका छन् । यहां पाईने विभिन्न जिवात्माका अवशेषहरुमा पोलियोजोईक कालको ग्राप्टोलाईट, कार्वोनीफोरस कालका ब्राकियोपोड, फेनेस्टिला, कोटेल, स्पाईरिफेरा त्यस्तै मोसोजोईक कालका अमोनाईट र बेलेमनाईट मुख्य हुन् । ती मध्ये अमोनाईट जीवावशेष शालिग्रामको रुपमा धेरै प्रसिद्ध छ। यो कालो वा खैरो चुन ढुङ्गा वा बलौटे ढुङ्गामा पाईन्छ। कालिगण्डकी नदी र नदीका वगर क्षेत्रमा यी थुप्रै पाईन्छन्। यस जिल्लाको नदि किनारमा बलौटे दोमट (Sandy loam) र खेतबारीमा दोमट (Lomy) माटो पाईन्छ। Igneous, Metamorphic/Sedimentary गरी तिनै प्रकारका चट्टानहरु पाईनुका साथै Uranium, Quartz, Calcite जस्ता खनिजहरु यस जिल्लामा पाईन्छ ।

## १.४. जलवायु तथा वर्षा

हिमालपारिको जिल्ला तथा हिमश्रृखलाको काखमा पर्ने भएको हुदा यहाँ ज्यादै कम वर्षा हुन्छ। समुन्द्र सतहदेखि निकै उचाईमा अवस्तित यस जिल्लामा चिसो हावापानी पाईन्छ। गृष्म महिनामा यहां अधिकतम तापक्रम २६ डिग्री सेल्सियस सम्म रेकर्ड गरिएको छ भने चिसो महिनको तापक्रम -१० डिग्री सेल्सियस सम्म पुग्दछ। जिल्लाको भौगोलिक अवस्ता, तापक्रम तथा वर्षाको आधारमा जिल्लाको हावापानीलाई निम्न अनुसार विभाजन गर्न सकिन्छ।

**समशितोष्ण चिसो हावापानी** (Cold Temperate Climate)

जिल्लाको सदरमुकाम जोमसोम देखि दक्षिणी तल्लो भेगमा प्रायःजसो समशितोष्ण चिसो हावापानी पाईन्छ। यस क्षेत्रम केही मात्रामा पानी पर्ने हुंदा यहां मिश्रित कोणधारी जङ्गल फैलिएको छ। जिल्लाको २००० मिटर देखि ३००० मिटर सम्मको उचाईमा रहेका क्षेत्रहरुमा यस खालको हावापानी पाईन्छ।

**चिसो लेकाली हावापानी** (Alpine Climate)

- सदरमुकाम देखि उत्तरी भेग, ३००० मिटरको उचाई देखि ४५०० मिटरको उचाई सम्मको क्षेत्रमा चिसो लेकाली हावापानी पाईन्छ। नगण्य देखि अति न्युन वर्षा हुने हुंदा यस क्षेत्रका वनस्पतिमा कांडेदार बुट्यान घांस र जडिबुटी हुने गर्दछ। यसको अलवा भोटेपिपल र वैशको वृक्षारोपण भएको पाईन्छ। नाङ्गा तथा उजाड डांडाहरुमा यस क्षेत्रको विशेषताको रुपमा रहेका छन्।

**उच्च हिमाल हावापानी** (Tundra Climate)

- ४५०० मिटर भन्दा माथि प्रायः सधै हिंउले ढाकिरहने क्षेत्रहरुमा उच्च हिमाली हावापानी पाईन्छ। बाह्रै महिना हिउंले ढाकिरहने हुंदा केही प्रकारका लेउ बाहेक अन्य वनस्पति पाईदैन।

## १.५. भू-उपयोग (Land use)

यस जिल्लाको कुल भूभागको क्षेत्रफल ३५५७ वर्ग कि.मी रहेको छ। यस क्षेत्रको समग्र भू-उपयोग तलको तालिकामा दिईएको छ।

**तालिका नं.१.३ मुस्ताङ जिल्लाको भू–उपयोगको विवरण**

FRA प्रतिवेदन २०१७ अनुसार जिल्लाको कुल क्षेत्रफल ३५५७ वर्ग कि.मी. स्थानीय तह ५ वटा गाउँपालिका

| सि.नं. | गाउँपालिकाको नाम | क्षेत्रफल वर्ग कि.मी. | वनले ढाकेको क्षेत्रफल वर्ग कि.मी. र प्रतिशत | कै. |
|---|---|---|---|---|
| १ | थासाङ | २८९ | १२१ (४२%) | |
| २ | घरपझोङ | ३१६ | ५८ (१८%) | |
| ३ | बाह्रगाउँ मुक्तिक्षेत्र | ८८४ | ३० (३%) | |
| ४ | ल्होघेकर दामोदरकुण्ड | १,३४५ | ५४ (४%) | |
| ५ | लोमन्थाङ | ७२३ | २२ (३%) | |
| | कुल | ३५५७ | २८५ (८%) | |

खुला चट्टान, भिर, हिउँ, हिउँ नदि, नदि समेत करिब ६० प्रतिशत

घाँसे क्षेत्र करिब ३० प्रतिशत

खेती भूमि करिब २ प्रतिशत

*स्रोत : FRA प्रतिवेदन, २०१७*

## १.६. डिभिजन वन कार्यालय मुस्ताङको संक्षिप्त परिचय

तराईको वन संरक्षण र उपयोगमा ल्याउन वि.स. १९९९ मा काठमहल अड्डाको स्थापना गरी वन प्रशासनको कार्य थालनी भएको थियो । त्यस अन्तर्गत तीन सर्कल र १२ वटा वन जांच अड्डा स्थापना गरिएका थिए । वि.स.२००७ सालको परिवर्तन पछी वन संगठनमा पनि परिवर्तन भई वि.स. २००८ सालमा दुई सर्कल, ११ डिभिजन र ४४ रेन्ज कार्यालय सहित वन विभागको स्थापना भएको थियो । वि.स. २०३३ सालमा राष्ट्रिय वन योजना लागू भएपछि वन संगठनमा परिवर्तन गरी ९ वटा सर्कल, ४० वटा वन डिभिजन र एक सय ७४ वटा रेन्ज कार्यालय स्थापना गरिएको पाईन्छ। वन्यजन्तु संरक्षण र भू-संरक्षण जस्ता कार्य वन विभाग गर्दै आएकोमा, कर्मचारीको दरवन्दी मिलान गरी राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण विभाग वि.स.२०३७ र भू-संरक्षण विभागको स्थापना वि.स.२०३१ सालमा भएको पाईन्छ । वि.स. २०४० सालमा विकेन्द्रीकरणको भावना अनुरुप ५ वटा क्षेत्रीय निर्देशनालय


र आ.व. २०४३/०४४ मा देशका ७५ वटै जिल्लामा जिल्ला वन कार्यालयहरु स्थापना गरिए। वि.स. २०४६ को जनआन्दोलन पश्चात निदर्लीय पंचायती व्यवस्थाको अन्त्यसंगै प्रजातन्त्रको पुनर्वहाली भएपछि वि.स.२०५० सालमा वन विभागको संगठनमा सामान्य हेरफेर भै मुस्ताङ बाहेक ७४ जिल्लाहरुमा जिल्ला वन कार्यालय, ९२ ईलाका वन कार्यालय एवं ६९८ रेन्ज पोष्टहरु रहने गरी वन विभागको संगठन परिमार्जन भयो। पछिल्लो संरचना अनुसार वन कार्यालय प्रदेश सरकार मातहत आइसकेपछि नेपालभरी ७७ जिल्लामा ८४ वटा डिभिजन वन कार्यालय रहेका छन्। मुस्ताङ जिल्लामा मिति २०७५ साल भदौ महिनाको १ गतेदेखि साविक जिल्ला भु-संरक्षण कार्यालय, मुस्ताङ रहेको स्थानमा डिभिजन वन कार्यालय, मुस्ताङ स्थापना गरिएको छ।

**डिभिजन वन कार्यालय, मुस्ताङको काम, कर्तव्य र अधिकार :**

- वन जंगलको संरक्षण, संवर्द्धन, सदुपयोग र व्यवस्थापन
- वन अतिक्रमण, अवैध कटानी तथा चोरी सिकारीलाई नियन्त्रण गर्ने
- वन पैदावर (काठ, दाउरा, वन्यजन्तु, गैरकाष्ठ वन पैदावर आदी) को संरक्षण र व्यवस्थापन
- वन सम्बन्धी प्रचार प्रसार, तालिम, क्षमता अभिवृद्धि आदि
- वन, वनस्पति, वन्यजन्तु, जैविक विविधता, जलबायू परिवर्तन सम्बन्धी प्रचार प्रसार
- सरकारी, सार्वजनिक र निजी क्षेत्रमा वृक्षारोपण कार्यक्रम आदि
- तोकिएको वार्षिक कार्यक्रम कार्यान्वयन तथा अनुगमन

## १.७. मौजुदा वन संगठन

### १.७.१. डिभिजन वन कार्यालयको सांगठनिक स्वरुप



### १.७.२. कार्यरत कर्मचारीको लगत

मौजुदा वन संगठन अनुसार यस कार्यालयको स्वीकृत दरबन्दी र हालसम्म भएको पदपूर्तीको अवस्था निम्नानुसार रहेको छ।

**तालिका नं.१.४ कर्मचारी दरवन्दी र पदपुर्तीको अवस्था**

| क्र. सं. | पद | तह | सेवा | समूह | उप समूह | कुल दरबन्दी | पदपूर्ति संख्या | रिक्त संख्या | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| १ | डिभिजनल वन अधिकृत | अधिकृत स्तर सातौं/आठौं | वन | ज.फ. | | १ | १ | ० | |
| २ | रेन्जर | सहायक स्तर पाचौं/अधिकृत स्तर/छौटौं | वन | ज.फ. | | ३ | १ | २ | पदपुर्ति नभएको |
| ३ | लेखापाल | सहायक स्तर पाचौं/अधिकृत स्तर/छौटौं | प्र. | लेखा | | १ | १ | ० | |
| ४ | ना.सु. | सहायक स्तर पाचौं/अधिकृत स्तर/छौटौं | प्र. | सा.प्र. | | १ | १ | ० | |
| ५ | खरदार | सहायक स्त चौथों/पाचौं | प्र. | सा.प्र. | | १ | ० | १ | पदपुर्ति नभएको |
| ६ | फरेष्टर | सहायक स्त चौथों/पाचौं | वन | ज.फ. | | १ | १ | ० | |
| ७ | वन रक्षक | श्रेणीविहिन/ सहायक तेस्रो तह | वन | ज.फ. | | ५ | २ | ३ | पदपुर्ति नभएको |
| ८ | ह.स.चा. | श्रेणीविहिन | ई. | मे. | | १ | १ | ० | करार |
| ९ | का.स. | श्रेणीविहिन | प्र. | सा.प्र. | | २ | २ | ० | करार-१ जना |
| १० | चौकिदार | श्रेणीविहिन | प्र. | सा.प्र. | | १ | १ | ० | करार |
| | **जम्मा** | | | | | **१७** | **११** | **६** | |

## १.८. डिभिजन वन कार्यालय, मुस्ताङको प्रस्तावित कार्य क्षेत्र

नेपाल राजपत्र (भाग ३, खण्ड ४२, संख्या ५४ मिति २०४९/०४/०५) तथा तत्कालीन जिल्ला भू-संरक्षण अधिकृत श्री पुर्णेश्वर सुवेदी, जिल्ला भू-संरक्षण कार्यालय, मुस्ताङको संयोजकत्वमा सरोकारवालहरुको वैठकले गरेलको निर्णय तथा च.नं. ४८ मिति २०७०/०५/३१ मा सरोकारवाकहरुको वैठकले गरेको निर्णय तथा च.नं. ४८ मिति २०७०/०५/३१ मा पश्चिमाञ्चल क्षेत्रिय वन निर्देशानलय, पोखरा कास्कीमा पेश गरेको प्रतिवेदन समेतको आधारमा तत्कालीन डिभिजनल वन अधिकृत श्री रुक्मागत सुवेदीको संयोजकत्वमा बसेको सरोकारवालाहरुको बैठकले जिल्ला स्तरवाट सहमती गरी कार्यक्षेत्रको नक्शाकंन समेत गरी प्रदेशमा माननीय मन्त्रीज्यूको उपस्थितिमा सम्पुर्ण माननीयज्यूहरु समेतको बैठकवाट कार्य क्षेत्र तोक्ने विषयमा मिति २०७७ साल असार १ गते निर्णय भएको तर स्वीकृत भई नआएको रहेको छ।

**तपसिल**ः

**उत्तरी सिमाना**ः डोल्पा र म्याग्दी जिल्लाको सिमानाबाट सुरु हुने लुङ्पा (साङ्ता) खोला हुदै कालीगण्डकी (हाल ग्रीन ताङ्वे को पश्चिम पट्टी रहेको भाग) दोभान सम्म।

**पूर्वी सिमाना**ः साङ्ता खोला र काली गण्डकी नदि दोभान देखि दक्षिण तर्फ कालीगण्डकी नदी।

**पश्चिमी सिमाना**ः उत्तरी सिमाना देखि म्याग्दी जिल्लाको सिमाना हुदै पुरै मुस्ताङ जिल्ला।

**दक्षिण सिमाना**ः कालीगण्डकी नदी हुंदै म्याग्दी जिल्लाको सिमाना सम्म।



### १.९ मुख्य उपलब्धिहरू

- ६.५ हेक्टर तारवार एवं सिंचाइ व्यवस्थावन सहित बृक्षारोपण
- निजी जग्गामा ४.५ हेक्टर वृक्षारोपण
- ०.६० हेक्टर अतिकमण हटाइ तारवार र बृक्षारोपण
- वन डढेलो नियन्त्रण, वन तथा वन्यजन्तु संरक्षण
- १९६७ श्रमदिन हरित रोजगारी सिर्जना
- जडिबुटि खेती प्रर्वद्धन
- पर्यापर्यटन प्रर्वद्धनमा सहयोग
- कार्यालय तथा आवास व्यवस्थापन

### १.१०. अवसर

- तारवार र सिँचाइ व्यवस्थापन सहित बृहत वृक्षारोपण, (अपर मुस्ताङमा भोटेपिपल सफल तथा उच्च माग भएको ।)
- सडक किनारामा हरित पेटी निर्माण (लेते-जोमसोम, कागवेनी-मुक्तिनाथ खण्ड)
- नदी किनारा (कालीगण्डकी किनारा) मा बैश रोपण ।
- सिमसार क्षेत्र ताल तलैयाको संरक्षण र विकास सम्वन्धी कार्यक्रम गर्न सकिने ।
- स्थानीय तहमा रहेका जैविक विविधता र सोसंग जोडिएका पक्षको अभिलेखिकरण गर्ने ।
- पर्यापर्यटन, जडिबुटीको प्रवल संभावना

### १.११ चुनौती/सवालहरू/समस्या

- कार्यक्षेत्र र कार्य विवरण एकिन हुन नसक्नु
- वृक्षारोपणको संरक्षण, सिंचाइ
- जनसहभागितामा कमी
- कृषी वन र जडिबुटी खेती (जग्गाको स्वामित्व)
- सामुदायिक स्याउ खेतीको नाममा सरकारी जग्गमा खेती विस्तार
- (घरपफोङ गा.पा.-५, ख्याङ्थाङमा करिव १०० औं रोपनी जग्गामा १० वर्षदेखि सार्वजनिक जग्गामा सामूहिक स्याऊ खेती)
- भू-संरक्षणको दृष्टिले अति संवेदनशील क्षेत्र
- भौगोलिक कठिनाइ, हिमाली क्षेत्र

# भाग-२

## संघिय शसर्त तर्फ
## कार्यक्रमको कार्यप्रगति

## २. राष्ट्रिय वन विकास तथा व्यवस्थापन कार्यक्रम

### २.१. वहुवर्षीय विरुवा उत्पादन (नर्सरीको नाईकेको ज्याला सहित)

यस कार्यक्रमको लागि संघिय सरकारबाट प्राप्त सशर्त अनुदान तर्फको कार्यक्रममा कुल १०००० विरुवा उत्पादन गर्ने लक्ष्य रहेकोमा डि.व.का. मुस्ताङको थासाङ गा.पा. ३ लेते स्थित रहेको नर्सरीमा विभिन्न प्रजातीका १०२५० वटा विरुवा उत्पादन र नर्सरीमा बहुवर्षीय/अन्य विरुवाको हेरबिचार र रेखदेख कार्यमा ६ महिनाको लागि नर्सरी नाईके भर्ना गरिएकोमा लक्षित कार्यक्रमको सतप्रतिशत उपलब्धि रहेको छ। यस कार्यक्रमको कूल लागत रु. ५ लाख रहेकोमा विनियोजित सम्पुर्ण रकम खर्च भएको छ।

**तालिका नं. २.१ उत्पादन गरिएका विरुवाहरुको विवरणः**

| सि.न. | प्रजाति | संख्या |
|---|---|---|
| १ | धूपी | ५५०० |
| २ | चिली | १५०० |
| ३ | खुरपानी | १८०० |
| ४ | खाला | १२५० |
| ७ | ओखर | २०० |
| **कुल जम्मा** | | **१०२५०** |








***फोटोः*** *लेते स्थित डिभिजन वन कार्यालय, मुस्ताङको नर्सरीमा वहुवर्षीय विरुवा उत्पादन (नर्सरीको नाईकेको ज्याला सहित) कार्यक्रमका सम्पादित कार्यका केही झलकहरु*

## २.२. वन क्षेत्र अतिक्रमण नियन्त्रण तथा व्यवस्थापन कार्यक्रम

यस कार्यक्रम अन्तर्गत डिभिजन वन कार्यालय, मुस्ताङ, अन्नपूर्ण संरक्षण क्षेत्र आयोजना इलाका संरक्षण कार्यालय, जोमसोम र नापी कार्यालय, मुस्ताङको तीन सदस्य समिति र वारागुङ मुक्तिक्षेत्र गा.पा.का प्रमुख, उपप्रमुख र सोही वडाका वडा अध्यक्षज्यू बाट संयुक्त रुपमा अतिक्रमित क्षेत्रको रुपमा पहिचान गरिएको वारागुङ मुक्तिक्षेत्र गाउँपालिका-वडा नं. ४ स्थित एक्ले भट्टी, वेनी-जमसोम कोरला सडक र मुस्ताङ म्युजियमको उत्तर र कालिगण्डकी नदीको दक्षिणपट्टिको स्थानमा अतिक्रमित क्षेत्रको क्षेत्रफल र चारकिल्ला एकिन पछि अतिक्रमण हटाई करिब ०.६ हेक्टरमा तारबार सहित वृक्षारोपण सम्पन्न भयो । यस कार्यक्रमको विनियोजित रु. १ लाख रहेकोमा सम्पूर्ण रकम खर्च भएको छ।




*अतिक्रमण हटाइ, तारवार गरी बृक्षारोपण गरिएको*

## २.३. वन डढेलो व्यवस्थापन कार्ययोजना कार्यान्वयन

यस कार्यक्रममा विनियोजित रु. ३ लाख रकमबाट वन डढेलो नियन्त्रण तथा व्यवस्थापनका लागि थासाङ गा.पा. १, घाँसामा, सरोकारवालाहरुको अन्तरक्रिया वैठक १ वटा र वन डढेलो सम्बन्धी प्रचार प्रसार सामग्री उत्पादन तथा प्रकाशन र डढेलो नियन्त्रण समग्री खरिद तथा हस्तान्तरण कार्यमा खर्च गरी समापन गरिएको छ।





*फोटोः अन्तरक्रिया कार्यक्रम तथा वन डढेलो नियन्त्रण सामग्री हस्तान्तरण*

## २.४. नदी उकास जग्गामा वृक्षारोपण/वन पुनर्स्थापना कार्यक्रम

यस डिभिजन वन कार्यालय मुस्ताङको आ.ब.२०८०/०८१ को स्वीकृत बार्षिक कार्यक्रम अन्तर्गत संघिय सरकारवाट रु. १५ लाख विनियोजन भई आएकोमा यस कार्यालयबाट प्रकाशित सुचना बमोजिम ईच्छुक कृषक, समुह/सहकारी संघ तथा संस्थाबाट प्राप्त प्रस्तावना मध्येबाट स्थानीय निकायको सिफारिसको आधारमा श्री छैरो कृषि, वन तथा जडिबुटी समूह, छैरो, मुस्ताङ संग सम्झौता गरी घरपझोङ गा.पा.-१, छैरो, मुस्ताङको कालिगण्डकी नदी उकास जग्गाको करिव २ हे. क्षेत्रमा वृक्षारोपण तथा तारबार र कालिगण्डकी नदी किनारमा

ग्यावियन जाली निर्माण कार्य सम्पन्न भएको छ। यस कार्यक्रममा विनियोजित रु. १५ लाख मध्ये रु १२ लाख ७६ हजार रकम खर्च भएको छ।





***फोटो** : नदी उकास जग्गाको करिव २ हे. क्षेत्रमा वृक्षारोपण तथा तारबार र कालिगण्डकी नदी किनारमा ग्यावियन जाली निर्माण कार्य*

### २.५. मानव वन्यजन्तु  द्वन्द्व न्यनीकरण

मानव र वन्यजन्तु विच भई रहने द्वन्द न्यूनीकरणको लागि रु. १ लाख वजेट विनियोजन भएकोमा विनियोजित वजेटको शत प्रतिशत रकम नै मानव वन्यजन्तु द्वन्दका कारण तथा संरक्षण सम्वन्धी जनचेतनामूलक सामग्री/होडिङ वोर्ड तयार गरी जिल्लाका विभिन्न स्थानमा राखी जानकारी दिने कार्य गरियो। उक्त कार्यक्रम मुलतः वन्यजन्तुको संरक्षण तथा उद्धारसँग सम्वन्धित भएकोले यस डिभिजन वन कार्यालय तथा अन्नपूर्ण संरक्षण क्षेत्र इलाका कार्यालय जोमसोमको समन्वयमा वन्यजन्तुको उद्धारमा जाँदा हुने इन्धन खर्च समावेश गरी कार्यक्रम सम्पन्न गरिएको छ।

# भाग-३

## प्रदेश सरकार तर्फको कार्यक्रमको कार्यप्रगति

### ३.१. पूँजीगत तर्फ

#### ३.१.१. मेशिनरी तथा औजार (कार्यालय तथा लेखा संचालनको लागि आवश्यक ल्यापटप, प्रिन्टर तथा अन्य मेशिनरी समान)

कार्यालय तथा लेखा संचालनको लागि आवश्यक मेशिनरी तथा औजार खरिद कार्यक्रम अन्तर्गत यस आ.व.मा रु. ३.५० लाख वजेट विनियोजन भएकोमा कार्यालयका लागि आवश्यक Water Purifier– २ थान, Heater- ५ थान, प्रिन्टर १ थान र AC २ थान खरिद कार्यमा खर्च गरी कार्यक्रम सम्पन्न गरेको छ।



*फोटो:* Water Purifier *जडान*



*फोटो:* AC *जडान*

#### ३.१.२ नसर्री मर्मत

स्थानीय माग र चाहना अनुरुपका विरुवा उत्पादन गरी वितरण गर्नु डिभिजन वन कार्यालयको एक लक्ष्य भए अनुरुप विरुवा उत्पादनका लागि आवश्यक पर्ने नर्सरी व्यवस्थापन मर्मत सम्भारका लागि आ.व. २०८०/०८१ मा यस कार्यालयलाई रु. १ लाख ५ हजार विनियोजन भई आएकोमा उक्त रकमबाट डिभिजन वन कार्यालयको लेते स्थित रहेको सेड-हाऊस मर्मत अन्तर्गत फाईवर सिट जडान र नर्सरी बेडमा सेड नेट फिटिंग कार्य गरेर उक्त विनियोजित रकम खर्च गरी कार्यक्रम कार्यान्वयन गरिएको छ।





*नर्सरीमा फाईवर सिट जडान र नर्सरी बेडमा सेड नेट फिटिंग कार्य*

### ३.१.३ शहरी हरित पार्क/शहरी सौन्दर्य तथा रोड साईट प्लान्टेसन कार्यक्रम

यस कार्यालयबाट प्रकाशित सुचना बमोजिम ईच्छुक कृषक, समुह/सहकारी संघ तथा संस्थाबाट प्राप्त प्रस्ताव मध्येबाट घरपझोङ गा.पा. को सिफारिसको आधारमा घरपझोङ गा.पा.-५, ठिनीमा श्री शहरी हरित पार्क योजना उपभोक्ता समिति, घरपझोङ-ठिनी, मुस्ताङसँग सम्झौता गरी करिव १ हे. जग्गामा वृक्षारोपण र पार्कमा फेन्सिङ्ग जाली, रिभल्विङ्ग गेट, पोखरी निर्माण, बाटोमा क्यारी निर्माण लगायतका कार्य सम्पन्न भएको छ। वृक्षारोपण अन्तर्गत सो पार्कमा खुर्पानी, चिली, धुपी, खाला र अन्य स्थानीय आरु प्रजातिका विरुवा जम्मा ४०० (चार सय) खाडलमा कम्तीमा २.५ मिटरको दुरीमा रोपण कार्य भएको छ। यस कार्यक्रममा विनियोजित रु. ८ लाख मध्ये सतप्रतिशत रकम खर्च भएको छ।



*गेट सहित तारवार, सौन्दर्य प्रजातीका बृक्षारोपण, डेस्क राख्ने कार्य, नेपालको नक्शा आकारको पानी टंकी*

### ३.१.४ कालीगण्डकी नदी किनार धोर्थाङ्मा नदी उकास तथा तारवार सहित वृक्षारोपण

यस कार्यक्रममा प्रदेश सरकारवाट रु. ७.१ लाख विनियोजन भई आएकोमा स्थानीय निकायसँग समन्वय गरी घरपझोङ गा.पा. ४ जोमसोमको कालिगण्डकी तटबन्धमा श्री जोमसोम वृक्षारोपण उपभोक्ता समिति, घरपझोङ-४, मुस्ताङसँग सम्झौता गरी कालीगण्डकी नदी किनार धोर्थाङ्मा करिव १ हे. क्षेत्रमा धुपी, सल्लो, चिची, कल्की, टिमुर र अन्य स्थानीय विरुवा जम्मा १६०० (सोह्र सय) विरुवा वृक्षरोपण र तारबार गरी कार्यक्रम कार्यान्वयन

गरिएको छ। यस कार्यक्रममा विनियोजित रकम मध्ये सम्पूर्ण रकम खर्च भएको छ।




*घरपझोङ गा.पा. ४ जोमसोमको कालिगण्डकी तटबन्धमा करिव १ हे. क्षेत्रमा धुपी, सल्लो, चिचि, कल्की, टिमुर र अन्य स्थानीय वृक्षारोपण र तारबार गरेको*

### ३.१.५ कार्यालय भवन, आवास भवन तथा शौचालय अन्मय पूँजीगत संरचनाको मर्मत सुधार

यस कार्यका लागि विनियोजित बजेट रु. १.५ लाख बाट डिभिजन वन कार्यालय, मुस्ताङको कार्यालय तथा आवास क्षेत्रको मर्मत तथा संभार र ढलान कार्यमा खर्च गरी कार्यक्रम सम्पन्न गरिएको छ।




### ३.१.६ कार्यालयको लागी फर्निचर तथा फिक्चर्स खरिद

यस कार्यका लागि रु. २ लाख वजेट विनियोजन भएकोमा २ लाख नै खर्च भएको छ। विनियोजित वजेटवाट कार्यालयको लागि आवश्यक कार्यालय प्रमुखको कुर्ची, लेखा फाँटमा आवश्यक दराज थान-१, पलङ थान-२ खरिद गरी कार्य सम्पन्न गरिएको छ।



### ३.१.७ वाह्रागुङ मुक्तिक्षेत्र गाँउपालिका समरमा तारवार सहितको वृक्षारोपण कार्यक्रम

यस कार्यक्रममा प्रदेश सरकारवाट रु. ८ लाख विनियोजन भई आएकोमा वाह्रागुङ मुक्तिक्षेत्र गाँउपालिका वडा नं ३ को समन्वयमा श्री समर वन व्यवस्थान समिति, वाह्रागुङ मुक्तिक्षेत्र गा.पा.-३, समरसँग सम्झौता गरी करिव १ हे. जग्गामा वाह्रागुङ मुक्तिक्षेत्र गाँउपालिका समरमा विरुवा (धुपी सल्लो, भोटे पिपल कटिङ्ग र अन्य स्थानीय विरुवा) जम्मा १६०० (सोह्र सय) वृक्षारोपण र सो क्षेत्रमा तारबार र सिंचाईको लागि आवश्यक पानी ट्याङ्की निर्माण लगायतका कार्य सम्पन्न भएको छ। यस कार्यक्रममा विनियोजित रु. ८ लाख मध्ये सम्पूर्ण रकम खर्च भएको छ।







## ३.२. कार्यक्रम तर्फ

### ३.२.१. प्रगति समिक्षा तथा कार्यक्रम तर्जुमा गोष्ठी जिल्लास्तरिय

यस कार्यका लागि विनियोजित बजेट रु. ५० हजार बाट डिभिजन वन कार्यालय, मुस्ताङको आगामी आ.व.को वार्षिक कार्यक्रमको लागि जिल्ला स्थित रहेका सरोकारवालाहरुको उपस्थितिमा वार्षिक कार्यक्रमको योजना तर्जुमा गोष्ठी तथा प्रगती समिक्षा गरी जम्मा २ पटक सञ्चालन गरी कार्यक्रम सम्पन्न गरिएको छ।





*कार्यक्रम समापनपछि ब्यानर सहित खिचिएको तस्वीर*

### ३.२.२. वन, वातावरण तथा वन्यजन्तु संरक्षण सम्वन्धी सामग्री खरिद तथा सचेतनामूलक कार्यक्रम सञ्चालन

उक्त कार्यक्रमको लागि विनियोजित बजेट रु १ लाख ५० हजार बाट मुस्ताङ जिल्लामा वन, वातावरण तथा वन्यजन्तु संरक्षण सम्बन्धी कार्यालय कम्पाउण्डको पर्खालमा वन्यजन्तु संरक्षण सम्वन्धी सचेतनामूलक सूचना प्रदान गर्ने वाल पेन्टिङ तथा प्रचार प्रसार सामग्री खरिद तथा वितरण कार्य गरी कार्यक्रम सम्पन्न गरिएको छ ।




*कार्यालय कम्पाउण्डको पर्खालमा संरक्षण सम्बन्धी नारा र बाल पेन्टिङ*

### ३.२.३. वन संरक्षण कार्यक्रम वन अपराध नियन्त्रणको लागि गस्ती परिचालन

यस आर्थिक वर्षको विभिन्न मितिमा वन अपराध नियन्त्रणको लागि वन गस्ती सञ्चालन गर्दा सुरक्षा निकाय, अन्नपूर्ण संरक्षण क्षेत्र आयोजना, मुस्ताङ कार्यालयसँग समन्वय तथा सहकार्य गरी सम्पन्न गरेको । उक्त रकम कर्मचारी परिचालन, खाजा, ईन्धन खर्च गरी कार्य सम्पन्न गरेको ।





### ३.२.४. विरुवा वितरण (निजी तथा समुदायस्तरमा वृक्षारोपणको लागि ढुवानी सहयोग समेत)

यस कार्यका लागि विनियोजित बजेट रु. ७५ हजार रुपैया बाट डिभिजन वन कार्यालयले उत्पादन गरेका विभिन्न वन/जडिबुटी विरुवा लेते वन नर्सरीबाट ढुवानी गरी ढुवानी खर्च, ईन्धन तथा कर्मचारी परिचालन लगायत कार्यमा खर्च गरी कार्यक्रम सम्पन्न गरिएको छ।





### ३.२.५. विकास र वातावरण बीच समन्वय गर्न स्थानीय तहसँग समन्वय गोष्ठी

आ.व.२०८०/०८१ को वार्षिक स्वीकृत कार्यक्रम अनुसार विकास र वातावरण विच समन्वय गर्न स्थानीय तह विच समन्वय गोष्ठी कार्यक्रममा विनियोजित बजेट रु. ५००००/- रहेकोमा लक्ष्य बमोजिम जोमसोममा, ५ वटै गाउँपालिकाको समन्वयमा गाउँपालिका प्रमुख, उप-प्रमुख लगायत अन्य जनप्रतिनधि तथा सरोकारवालाहरूबीच समन्वय गोष्ठी/अन्तरक्रिया कार्यक्रम गरी विनियोजित रकम खर्च गरी कार्यक्रम कार्यान्वयन गरिएको छ।





### ३.२.६. वातावरण संरक्षण अन्तर्गत फोहरमैला व्यवस्थापन तथा सरसफाई कार्यक्रम

फोहरमैला व्यवस्थापन तथा सरसफाई कार्यक्रम अन्तर्गत जोमसोम बजार र घरपझोङ गा.पा. का सम्पुर्ण सरकारी विद्यालयमा फोहरमैला व्यवस्थापनको लागि डस्टविन वितरण गरिएको हो। यस कार्यका लागि विनियोजित बजेट रु. २ लाख बाट ७८ वटा डस्टविन (स्विङ विन) खरिद साथै उक्त डस्टविन राख्न स्टेन्ड निर्माण गरी कार्यक्रम सफल रुपमा सम्पन्न गरिएको थियो।





### ३.२.७. समन्वय वैठक (अतिक्रमण नियन्त्रण समन्वय समिति/वन क्षेत्र समन्वय समिति/WCCB समन्वय वैठक वा संस्थागत विकास गर्ने)

यस कार्यमा विनियोजित बजेट रु. ५० हजारबाट १ वटा समन्वय बैठक सम्पन्न गरिएको थियो। उक्त बैठकमा जिल्ला समन्वय प्रमुख, उप-प्रमुख, प्रमुख जिल्ला अधिकारी, सुरक्षा निकायका प्रमुख, पत्रकार महासंघ मुस्ताङका प्रतिनिधि, फेकोफनका प्रतिनिधि, अन्नपूर्ण संरक्षण क्षेत्र आयोजना, ई.स.का. जोमसोमका कार्यालय प्रमुख लगायत व्यक्तिहरुको

उपस्थितिमा यस जिल्लामा वन क्षेत्रको चोरीकटानी, अतिक्रमण, वन डढेलो लगायतका वन संरक्षण सम्बन्धी समसामयिक सवालहरुमा छलफल गरि वन जन्य अपराध नियन्त्रणका लागि प्रभावकारी ढङ्गबाट कार्य संचालन गर्ने तथा आ.ब.२०८०/०८१ को वार्षिक कार्यक्रमको प्रस्तुतीकरण तथा समिक्षा गरी कार्यक्रम सम्पन्न गरिएको छ।






### ३.२.८. एक निर्वाचन क्षेत्र एक कृषि वन कार्यक्रम

यस कार्यक्रमको लागि जम्मा रु.६ लाख वजेट विनियोजन भएकोमा जिल्लाका २ वटा निर्वाचन क्षेत्रमा १/१ वटा कार्यक्रम सञ्चालन भएको थियो। जस अन्तर्गत निर्वाचन क्षेत्र नं १ मा लोमान्थाङ गाँउपालिका-३, ठिंगरमा श्री ठेकार कृषक समुह, ठिंगरद्वारा भोटेपिपल प्रजातीका १२५० कटिङ्ग विरुवा तथा १५०० वटा ल्हास र कोते जातका स्थानीय घाँसका विरुवा रोपण गरिएको साथै निर्वाचन क्षेत्र नं २ अन्तर्गत श्री धमाङ कृषक समुह, धमाङद्वारा घरपझोङ गा.पा.-२ मा पुस्करमुल प्रजातिका ५००० विरुवा र २०,००० वटा अकरकरा जातका विरुवा रोपण गरी कार्य सम्पन्न भएको थियो।





### ३.३. चालु तर्फ

### ३.३.१. कार्यालयको लागी मेशिनरी तथा औजार मर्मत सभार

यस कार्यका लागि विनियोजित बजेट रु. १ लाख ५ हजार बाट डिभिजन वन कार्यालयमा रहेको ल्यापटप, कम्प्युटर, प्रिन्टर र अन्य मेशिनरी सामान मर्मत खर्च गरी कार्यक्रम सम्पन्न गरिएको छ।

### ३.३.२. निर्मित सार्वजनिक सम्पत्तिको मर्मत सम्भार खर्च

यस क्रियाकलापमा विनियोजन भएको वजेट कार्यालय आवास भवन, अतिथि गृह रंगरोगन, मर्मत र कार्यालयको भर्‍याङ मर्मत कार्य गरी कार्यान्वयन गरिएको छ। प्रदेश सरकारवाट १ लाख वजेट निकासा भएकोमा सो कार्य सम्पन्न गर्न सम्पूर्ण रकम खर्च भएको थियो।




*कार्यालय तथा आवास क्षेत्रको मर्मत तथा संभार*

### ३.३.३. बार्षिक प्रगति पुस्तिका तयारी तथा प्रकाशन

डिभिजन वन कार्यालय मुस्ताङको आ.व. २०८०/०८१ को प्रगती लगायतका विषयवस्तु समावेश गरी वार्षिक प्रगति पुस्तिका थान-१५० तयार गरिएको छ।

### ३.३.४. सन्देश मुलक विज्ञापन सूचना तथा विज्ञापन

उक्त कार्यक्रमको लागि विनियोजित बजेट रु.५० हजारबाट मुस्ताङ जिल्लामा वन, वातावरण तथा वन्यजन्तु संरक्षण सम्बन्धी सूचना प्रसारण कार्यमा खर्च गरी कार्यक्रम सम्पन्न गरिएको छ।

### ३.३.५. छपाई खर्च (कार्यालय सामान तथा सेवा)

कार्यालयका लागि आवश्यक मललन्द समेतका सामग्री खरिद तथा छपाईको लागी रु. १ लाख ५० हजार वजेट निकासा भएकोमा रेकर्ड फाईल, टिप्पणी फाईल, लेटरप्याड, टिप्पणी किताव छपाई कार्य सम्पन्न गरिएको छ।

### अनुसूची-१


गण्डकी प्रदेश सरकार
उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय
वन निर्देशनालय
डिभिजन वन कार्यालय, मुस्ताङ

ईमेल : dfomustang@gmail.com
फोन नं : ०६९-४४०११०

प.सं. २०८१।०८२
च.नं. : ०५

मिति : २०८१।०४।०६

विषय : वार्षिक प्रगति पठाईएको सम्बन्धमा ।

श्री वन निर्देशनालय,
गण्डकी प्रदेश, पोखरा ।

प्रस्तुत विषयमा यस डिभिजन वन कार्यालय, मुस्ताङको आ.व. २०८०/०८१ को प्रदेश सरकार र संघिय कार्यक्रम तर्फको चालु र पुंजीगत तर्फको चौथो त्रैमासिक प्रगती र वार्षिक प्रगती यसै पत्र साथ संलग्न राखि पठाईएको व्यहोरा जानकारीको लागि अनुरोध छ।

(मनोज राजभण्डारी)
डिभिजनल वन अधिकृत

## डिभिजन वन कार्यालय, मुस्ताङ

प्रगति प्रतिवेदन

आ.व. २०८०/०८१ | [illegible] | कुल वार्षिक बजेट रु १११.६३ रु.लाखमा

| क्र.स. | कार्यक्रमको नाम | इकाई | वार्षिक लक्ष्य | | | चौथो चौमासिक प्रगति | | गत महिना सम्मको प्रगति | | असार महिनाको प्रगति | | हाल सम्मको प्रगति | | वार्षिकमा असार महिना सम्मको प्रगति (%) | | कै. |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | परिमाण | भार | बजेट रु लाखमा | भौतिक | वित्तिय | भौतिक | वित्तिय | भौतिक | वित्तिय | भौतिक | वित्तिय | भौतिक | वित्तिय | |
| १ | २ | ३ | ४ | ५ | ६ | ७ | ८ | ९ | १० | ११ | १२ | १३ | १४ | १५ | १६ | १७ |
| क | प्रदेश सरकार तर्फको कार्यक्रम | | | | | | | | | | | | | | | |
| | पुँजीगत तर्फ | | | | | | | | | | | | | | | |
| १ | [illegible] संचालनको लागि आवश्यक ल्यापटप, प्रिन्टर तथा अन्य मेशिनरी सामान | पटक | १ | २.१० | ३.५० | १००.०० | ०.०० | १००.०० | ३.५० | ०.०० | ०.०० | १००.०० | ३.५० | १००.०० | १००.०० | |
| २ | [illegible] | पटक | १ | ०.१० | १.५० | १००.०० | ०.१७ | १०.०० | ०.३० | १०.०० | ०.१७ | १००.०० | १.४७ | ९८.०० | ९८.०० | |
| ३ | शहरी हरित पार्क/ शहरी सौन्दर्य तथा रोड साईड प्लान्टेशन कार्यक्रम | पटक | १ | ४.८० | ८.०० | १००.०० | ८.०० | ८५.०० | ०.०० | १५.०० | ८.०० | १००.०० | ८.०० | १००.०० | १००.०० | |
| ४ | कालीगण्डकी नदी किनार [illegible] तथा [illegible] वृक्षारोपण | पटक | १ | ४.२६ | ७.१० | १००.०० | ७.०१ | ९०.०० | ०.०० | १०.०० | ७.०१ | १००.०० | ७.०१ | ९९.८६ | ९९.८६ | |
| ५ | कार्यालय भवन, आवास भवन तथा शौचालय अन्य पुँजीगत संरचनाको मर्मत सुधार | पटक | ८००० | ०.१० | १.५० | १००.०० | १.४७ | ९५.०० | १.४२ | ५.०० | ०.०५ | १००.०० | १.४७ | १००.०० | ९८.०८ | |
| ६ | कार्यालयको लागि फर्निचर तथा फिक्चर्स खरिद | संख्या | १ | १.२० | २.०० | १००.०० | ०.०१ | १००.०० | २.०० | ०.०० | ०.०० | १००.०० | २.०० | १००.०० | १००.०० | |
| ७ | बहुउद्देश्य [illegible] नगरपालिका [illegible] वृक्षारोपण कार्यक्रम | पटक | १ | ५.०० | ८.०० | १००.०० | ७.९८ | ९०.०० | ०.०० | १०.०० | ७.९८ | १००.०० | ७.९८ | १००.०० | ९९.७५ | |
| | पुँजीगत जम्मा | | | १८.१६ | ३१.६० | १००.०० | २५.२३ | ९१.८६ | ७.४२ | ७.१४ | २४.०१ | १००.०० | ३१.२३ | १००.०० | ९९.७५ | |
| | चालु तर्फ | | | | | | | | | | | | | | | |
| | कार्यक्रम तर्फ | | | | | | | | | | | | | | | |
| १ | प्रदेश [illegible] कार्यक्रम [illegible] जिल्लास्तरीय | पटक | २ | ०.३० | ०.५ | १०० | ०.२६ | १००.०० | ०.३० | ०.०० | ०.०० | १००.०० | ०.३० | १००.०० | १००.०० | |
| २ | वन, वातावरण तथा जलवायु [illegible] सम्बन्धी [illegible] तथा जनचेतनामूलक कार्यक्रम सञ्चालन | पटक | १ | ०.१० | १.५ | १०० | ०.०० | ९५.०० | ०.०० | ५.०० | १.४९ | १००.०० | १.४९ | ९९.३३ | ९९.३३ | |

| क्र.स | कार्यक्रमको नाम | इकाई | वार्षिक लक्ष्य | | | चौथो चैमासिक प्रगति | | गत महिना सम्मको प्रगति | | यस महिनाको प्रगति | | हाल सम्मको प्रगति | | वार्षिकमा यस महिना सम्मको प्रगति (%) | | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | परिमाण | भार | बजेट र बाडफाड | भौतिक | वित्तिय | भौतिक | वित्तिय | भौतिक | वित्तिय | भौतिक | वित्तिय | भौतिक | वित्तिय | |
| १ | २ | ३ | ४ | ५ | ६ | ७ | ८ | ९ | १० | ११ | १२ | १३ | १४ | १५ | १६ | १७ |
| ३ | वन संरक्षण कार्यक्रम वन अतिक्रमण नियन्त्रणको लागि गस्ति परिचालन | संख्या | १ | ०.६० | १ | १०० | ०.५९ | १०.०० | ०.५९ | १०.०० | ०.५९ | १००.०० | १.०० | १००.०० | १००.०० | |
| ४ | चिया बिरुवा वितरण रोपण तथा वातावरणमैत्री कृषकहरूको लागि दुवानी सहयोग कार्यक्रम | संख्या | १ | ०.७५ | ०.७५ | १०० | ०.७५ | ०.०० | ०.०० | १००.०० | ०.७५ | १००.०० | ०.७५ | १००.०० | १००.०० | |
| ५ | विकास र वातावरण बीच सामन्जस्य गर्न स्थानीय तहसँग समन्वय गोष्ठी | संख्या | १ | ०.३० | ०.५ | १०० | ०.०० | १००.०० | ०.५० | ०.०० | ०.०० | १००.०० | ०.५० | १००.०० | १००.०० | |
| ६ | वातावरण संरक्षण अन्तर्गत फोहरमैला व्यवस्थापन तथा सरसफाई कार्यक्रम | संख्या | १ | १.१० | २ | १०० | १.९९ | ०.०० | ०.०० | १००.०० | १.९९ | १००.०० | १.९९ | १००.०० | ९९.५० | |
| ७ | समन्वय बैठक/भेलाका निर्णय कार्यान्वयन समिति/वन क्षेत्र समन्वय समिति/WCCB समन्वय बैठक वा सम्बन्धित विकास गर्ने | संख्या | १ | ०.३० | ०.५ | १०० | ०.०० | १००.०० | ०.५० | ०.०० | ०.०० | १००.०० | ०.५० | १००.०० | १००.०० | |
| ८ | एक निर्वाचन क्षेत्र एक कृषि वन कार्यक्रम | संख्या | २ | ३.६० | ६ | १०० | ५.९९ | ९५.०० | ०.०० | ५.०० | ५.९९ | १००.०० | ५.९९ | १००.०० | ९९.८३ | |
| | कार्यक्रम खर्च जम्मा | | | ७.६५ | १२.७५ | | ९.७० | ७२.५० | १.०१ | १७.५० | १०.६३ | १००.०० | ११.७१ | १००.०० | ९९.८१ | |
| | चालु खर्च तर्फ | | | | | | | | | | | | | | | |
| १ | कार्यालयको लागि मेशिनरी तथा औजार मर्मत सम्भार | घटक | २ | ०.६३ | १.०५ | १०० | ०.५९ | ६०.०० | ०.६१ | ४०.०० | ०.४४ | १००.०० | १.०५ | १००.०० | १००.०० | |
| २ | विविध सार्वजनिक सम्पत्तिको मर्मत सम्भार खर्च | घटक | १ | ०.६० | १ | १०० | ०.३७ | ७५.०० | ०.७५ | २५.०० | ०.२५ | १००.०० | १.०० | १००.०० | १००.०० | |
| ३ | वार्षिक प्रगति पुस्तिका तयारी तथा प्रकाशन | घटक | १ | ०.३० | ०.५ | १०० | ०.५० | ८०.०० | ०.०० | २०.०० | ०.५० | १००.०० | ०.५० | १००.०० | १००.०० | |
| ४ | सन्देशमुलक विज्ञापन सूचना तथा विज्ञापन | घटक | १ | ०.३० | ०.५ | १०० | ०.२२ | ७०.०० | ०.२८ | ३०.०० | ०.२२ | १००.०० | ०.५० | १००.०० | १००.०० | |
| ५ | छपाई खर्च (कार्यालय सामान तथा सेवा) | घटक | १ | ०.९० | १.५ | १०० | ०.३६ | ९५.०० | १.३६ | ५.०० | ०.१४ | १००.०० | १.५० | १००.०० | १००.०० | |
| ६ | अनुगमन मुल्यांकन तथा कार्यक्रम कार्यान्वयन भ्रमण खर्च(अनुगमन, मुल्यांकन र भ्रमण) | संख्या | १ | २.३१ | ३.८७ | १०० | ०.३८ | १००.०० | ३.८७ | ०.०० | ०.०० | १००.०० | ३.८७ | १००.०० | १००.०० | |
| ७ | अनिवार्य दायित्व खर्च | | | ६८.३३ | ११३.८६ | ९५.०० | ११.८८ | ७८.७५ | ८९.६० | ६.८१ | ०.६४ | ७८.९७ | ८९.९१ | ७८.९७ | ७८.९७ | |
| | चालु खर्चको जम्मा | | | ८१.०४ | १३५.०३ | १००.०० | ३१.७७ | ७३.०४ | ९८.६३ | १८.९३ | १०.०३ | ९५.०० | १११.०६ | १००.०० | ८२.२४ | |
| | प्रदेश सरकार तर्फको कार्यक्रम जम्मा | | | १००.०० | १६६.६२ | १००.०० | ४७.९९ | ८१.९५ | १०६.०५ | १२.६३ | ४४.९८ | १५.८० | १४३.४८ | १००.०० | ८५.४७ | |

डिभिजन वन कार्यालय

| क्र.सं. | कार्यक्रमको नाम | इकाई | वार्षिक लक्ष्य | | | चौथो त्रैमासिक प्रगति | | गत महिना सम्मको प्रगति | | यस महिनाको प्रगति | | हाल सम्मको प्रगति | | वार्षिकमा आधार महिना सम्मको प्रगति (%) | | कै. |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | परिमाण | भार | बजेट रु लाखमा | भौतिक | वित्तिय | भौतिक | वित्तिय | भौतिक | वित्तिय | भौतिक | वित्तिय | भौतिक | वित्तिय | |
| १ | २ | ३ | ४ | ५ | ६ | ७ | ८ | ९ | १० | ११ | १२ | १३ | १४ | १५ | १६ | १७ |
| | संचित कार्यक्रम तर्फ | | | | | | | | | | | | | | | |
| १ | पुँजिगत तर्फ | | | | | | | | | | | | | | | |
| क | राष्ट्रिय वन विकास तथा व्यवस्थापन कार्यक्रम | | | | | | | | | | | | | | | |
| १ | पुँजिगत तर्फ | | | | | | | | | | | | | | | |
| १ | नदि उकास जग्गामा वृक्षारोपण,वन पुनर्स्थापना कार्यक्रम | घटक | १ | १०.०० | १५.०० | ६५.०० | १३.२७ | १०.०० | ०.०१ | ५.०० | १३.२५ | १५.०० | १३.२६ | ८८.४७ | ८८.४७ | |
| २ | बहुवर्षीय किस्ता उत्पादनान्तर्गतको नाइकेको स्याहार सहित। | घटक | १ | २०.०० | ५.०० | ९५.०० | ३.७३ | १५.०० | ३.२० | ५.०० | १.३८ | १००.०० | ४.५८ | ९१.६० | ९१.६० | |
| ३ | वन डढेलो व्यवस्थापन कार्ययोजना कार्यान्वयन | घटक | १ | १२.०० | ३.०० | ९०.०० | १.७९ | १५.०० | ३.०६ | ५.०० | ०.५३ | १००.०० | ३.११ | १००.०० | ९९.६८ | |
| ४ | वन क्षेत्र अतिक्रमण नियन्त्रण तथा व्यवस्थापन कार्यक्रम | घटक | १ | ४.०० | १.०० | ९१.०० | ०.९९ | १०.०० | ०.०० | १०.०० | ०.९९ | १००.०० | ०.९९ | १००.०० | ९९.०० | |
| ५ | मानव वन्यजन्तु द्वन्द्व न्यूनीकरण | घटक | १ | ५.०० | १.०० | १००.०० | १.०० | ८०.०० | ०.५७ | १०.०० | ०.४३ | १००.०० | १.०० | १००.०० | १००.०० | |
| | संचित कार्यक्रम तर्फ जम्मा | | | १००.०० | २५.०० | ९१.०० | २०.४८ | ५०.०० | ६.०६ | १.०० | १०.१७ | ९९.०० | २३.२३ | ९८.०० | ९२.९६ | |
| | कुल जम्मा | | | १००.०० | १११.६३ | ९९.१० | [illegible] | ६६.४८ | ११२.११ | १०.८७ | ४९.७८ | १००.०० | १६२.८१ | १००.०० | ८३.४३ | |

| प्रगती (%) | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| प्रदेश | | | संघ | | | औसत प्रगती | |
| पुजिगत | वित्तिय | ९९.७५ | पुजिगत | वित्तिय | ९२.९६ | वित्तिय | ९१.६५५ |
| | भौतिक | १०० | | | | | |
| चालु (कार्यक्रम तर्फ) | वित्तिय | ९९.८१ | | भौतिक | ९८ | भौतिक | ९९५ |
| | भौतिक | १०० | | | | | |

डिभिजनल वन अधिकृत

## २०८०/८१ को स्वीकृत वार्षिक कार्यक्रमको बजेट र खर्च

### पूँजिगत तर्फ

| सि.नं. | कार्यक्रम / क्रियाकलाप | खर्च शीर्षक | परिमाण | बजेट (लाखमा) | खर्च (लाखमा) |
|---|---|---|---|---|---|
| १ | मेशिनरी तथा औजार (कार्या लय तथा लेखा संचालनको लागि आवश्यक ल्यापटप, प्रिन्टर तथा अन्य मेशिनरी समान) | ३११२२ | १ | ३.५ | ३.४९९ |
| २ | नसर्री मर्मत | ३११५७ | १ | १.५ | १.४७ |
| ३ | शहरी हरित पार्क/ शहरी शौन्दर्य तथा रोड साईट प्लान्टेसन कार्यक्रम | ३११५७ | १ | ८ | ८ |
| ४ | कालीगण्डकी नदी किनार धोर्थाङमा नदि उकास तथा तारवार सहित वृक्षारोपण | ३११५७ | १ | ७.१ | ७.०९ |
| ५ | कार्यालय भवन, आवास भवन तथा शौचालय अन्मय पुँजीगत संरचनाको मर्मत सुधार | ३११७१ | १ | १.५ | १.४७ |
| ६ | कार्यालयको लागी फर्निचर तथा फिक्चर्स खरिद | ३११२३ | १ | २ | २ |
| ७ | वाह्रागुङ मुक्तिक्षेत्र गाँउपालिका समरमा तारवार सहितको वृक्षारोपण कार्यक्रम | ३११५७ | १ | ८ | ७.९८ |
| जम्मा | | | | ३१.६ | ३१.५२ |

## चालु तर्फ

| सि.नं. | कार्यक्रम/क्रियाकलाप | खर्च शीर्षक | परिमाण | बजेट (लाखमा) | खर्च (लाखमा) |
|---|---|---|---|---|---|
| १ | प्रगति समिक्षा तथा कार्यक्रम तर्जुमा गेष्ठी जिल्लास्तरिय | २२५२२ | २ | ०.५ | ०.५ |
| २ | वन, वातावरण तथा वन्यजन्तु संरक्षण सम्वन्धी सामग्री खरिद तथा सचेतनामूलक कार्यक्रम संचालन | २२५२२ | १ | १.५ | १.४९ |
| ३ | वन संरक्षण कार्यक्रम वन अपराध नियन्त्रणको लागि गस्ति परिचालन | २२५२२ | १० | १ | १ |
| ४ | विरुवा वितरण (निजी तथा समुदायस्तरमा वृक्षारोपणको लागि ढुवानी सहयोग समेत) | २२५२२ | १ | ०.७५ | ०.७५ |
| ५ | विकास र वातावरण बीच समन्वय गर्न स्थानीय तहसँग समन्वय गोष्ठी | २२५२२ | १ | ०.५ | ०.५ |
| ६ | वातावरण संरक्षण अन्तर्गत फोहरमैला व्यवस्थापन तथा सरसफाई कार्यक्रम | २२५२२ | १ | २ | १.९९ |
| ७ | समन्वय वैठक (अतिक्रमण नियन्त्रण समन्वय समिति/वन क्षेत्र समन्वय समिति/WCCB समन्वय वैठक वा संस्थागत विकास गर्ने) | २२५२२ | १ | ०.५ | ०.५ |
| ८ | एक निर्वाचन क्षेत्र एक कृषि वन कार्यक्रम | २२५२२ | २ | ६ | ५.९९ |
| | जम्मा | | | १२.७५ | १२.७२ |

## चालु तर्फ

| सि.नं. | कार्यक्रम/क्रियाकलाप | खर्च शीर्षक | परिमाण | बजेट (लाखमा) | खर्च (लाखमा) |
|---|---|---|---|---|---|
| १ | कार्यालयको लागी मेशिनरी तथा औजार मर्मत सभार | | १ | १.०५ | १.०५ |
| २ | निर्मित सार्वजनिक सम्पत्तिको मर्मत सम्भार खर्च | | १ | १ | १. |
| ३ | बार्पिक प्रगति पुस्तिका तयारी तथा प्रकाशन | | १ | ०.५ | ०.५ |
| ४ | सन्देश मुलक विज्ञापन सूचना तथा विज्ञापन | | १ | ०.५ | ०.५ |
| ५ | छपाई खर्च (कार्यालय सामान तथा सेवा) | | १ | १.५ | १.५ |
| ६ | अनुगमन मुल्याङ्कन तथा कार्यक्रम कार्यान्वयन भ्रमण खर्च(अनुगमन, मुल्याङ्कन र भ्रमण ) | | १ | ३.८७ | ३.८७ |
| ७ | अनिवार्य दायित्व तर्फ | | | ११३.६८ | ८९.९२ |
| जम्मा | | | | १३५.०३ | १११.०६ |

| सि.नं. | कार्यक्रम/क्रियाकलाप | खर्च शीर्षक | परिमाण | बजेट (लाखमा) | खर्च (लाखमा) |
|---|---|---|---|---|---|
| १ | मेशिनरी तथा औजार (कार्यालय तथा लेखा संचालनको लागि आवश्यक ल्यापटप, प्रिन्टर तथा अन्य मेशिनरी समान) | ३११२२ | १ | ३.५ | ३.४९९ |
| २ | नसर्री मर्मत | ३११५७ | १ | १.५ | १.४७ |
| ३ | शहरी हरित पार्क/शहरी शौन्दर्य तथा रोड साईट प्लान्टेसन कार्यक्रम | ३११५७ | १ | ८ | ८ |
| ४ | कालीगण्डकी नदी किनार धोर्थाङमा नदी उकास तथा तारवार सहित वृक्षारोपण | ३११५७ | १ | ७.१ | ७.०९ |
| ५ | कार्यालय भवन, आवास भवन तथा शौचालय अन्मय पूँजीगत संरचनाको मर्मत सुधार | ३११७१ | १ | १.५ | १.४७ |

## पुँजिगत तर्फ

| सि.नं. | कार्यक्रम/क्रियाकलाप | परिमाण | बजेट (लाखमा) | खर्च (लाखमा) | कैफियत |
|---|---|---|---|---|---|
| ज्ञ | वन क्षेत्र अतिक्रमण नियन्त्रण तथा व्यवस्थापन | १ | १. | ०.९९ | |
| द् | नदी उकास जग्गामा बृक्षारोपण/वन पुनर्स्थापना कार्यक्रम | १ | १५. | १३.२७ | |
| घ | बहुवर्षिय विरुवा उत्पादन नर्सरी नाइकेको ज्याला समेत | १ | ५. | ४.९७ | |
| ङ | मानव वन्यजन्तु द्वन्द्व न्यूनिकरण | १ | १. | १. | |
| छ | वन डढेलो ब्यवस्थापन कार्ययोजना कार्यान्वयन | १ | ३. | ३ | |
| | जम्मा | | २५. | २३.२४ | |

## आ.व. २०८०/०८१ को बार्षिक स्वीकृत कार्यक्रमको जम्मा प्रगति अवस्था

| विवरण | | बार्षिक वजेट रु (लाखमा) | खर्च रकम रु | वित्तिय प्रगति प्रतिशत | भौतिक प्रगति प्रतिशत | कैफियत |
|---|---|---|---|---|---|---|
| | चालु खर्च | | | | | |
| | कार्यक्रम खर्च | १२.७५ | १२.७२ | ९९.७६ | १०० | |
| | अनिवार्य दायित्व तर्फको | १२२.२८ | ९८.३४ | ८०.४२ | | |
| | चालु खर्चको जम्मा | १३५.०३ | १११.०६ | ८२.२५ | | |
| | पूँजीगत खर्च | ३१.६ | ३१.५२ | ९९.७४ | १०० | |
| | सवै वजेट उपशीर्षकको | १६६.६३ | १४२.५८ | ८५.५६ | | |
| संघिय सरकारतर्फ | चालु खर्च | ० | ० | ० | | |
| | पुँजीगत खर्च | २५. | २३.२४ | ९२.९५ | ९७ | |
| प्रदेश सरकार तथा संघ शसर्त तर्फको कार्यक्रमहरुको जम्मा वित्तिय प्रगति | | | | ९७.३ | ९९ | |

## अनुसूची-२

### विरुवा उत्पादन तथा वृक्षारोपण

(आ.व. २०८०/०८१ असार मसान्त सम्म विरुवा वितरण भएको)

| सि. नं. | प्रजाती | विरुवा उत्पादन (संख्यामा) | | विरुवा खरिद संख्या | | वृक्षारोपण हे. | | | विरुवा वितरण | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | बहुवर्षिय विरुवा उत्पादन डि.व.का. | गत आ.व. विरुवा स्टक | वहुउदेशिय समुहबाट | वहुउदेशिय निजि नर्सरीबाट | सा.व./रा व. क्षेत्र | निजि जग्गा | सार्वजनिक क्षेत्र | संस्था | निजि |
| १ | धुपी | ५५०० | ८३६ | - | - | | ४.५ | ६.६ | ५९० | २४६ |
| २ | चिली | १५०० | ३५५ | - | - | | | | ३०० | ५५ |
| ३ | खुरपानी | १८०० | ४७५ | - | - | | | | ३७५ | १०० |
| ४ | खाला | १२५० | २९६ | - | - | | | | २०० | ९६ |
| ५ | टिमुर | - | १५० | - | ८५० | | | | ९५ | ५५ |
| ६ | लौठसल्ला | - | २०० | - | - | | | | २०० | ० |
| ७ | ओखर | २०० | १२६ | - | - | | | | ५६ | ७० |
| ८ | पदमचाल | - | १८९२ | - | - | | | | १२०० | ६९२ |
| ९ | सल्ला | - | १२५५ | - | - | | | | ६५० | ७५ |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| १० | चिची | - | ११७० | - | - | | | | ११७० | ० |
| ११ | सतुवा | - | ७०० | - | - | | | | ० | ० |
| १२ | अकरकारा | - | - | - | २०००० | | | | ० | २०००० |
| १३ | पुस्करमुल | - | - | - | ५००० | | | | ० | ५००० |
| १४ | भोटेपिपल (कटिङ्ग) | - | | २४७५ | - | | | | २४७५ | ० |
| जम्मा | | १०२५० | ६६२५ | २४७५ | २५८५० | | | | ७३११ | २६२८९ |

## अनुसूची-३

### डिभिजन वन कार्यालय, मुस्ताङ

सिर्जना भएको रोजगारीको बिबरण ( श्रम दिनमा ) आ.व. २०८०/०८१

| बिबरण | संख्या (प्रत्यक्ष रोजगारी) |
|---|---|
| स्वीकृत बार्षिक कार्यक्रम अनुसारको बजेट खर्च गर्दा | १६३६ |
| अन्य ( हेरालु, नर्सरी नाईके आदि) | ३७९ |
| जम्मा | २०१५ |



वन सचिवज्यूबाट डि.व.का., मुस्ताङ तथा सञ्चालित कार्यक्रमहरुको अनुगमन



वन सचिवज्यूबाट डि.व.का., मुस्ताङ तथा सञ्चालित कार्यक्रमहरुको अनुगमन



लेते स्थित डि.व.का., मुस्ताङको वन नर्सरी





राष्ट्रिय वृक्षारोपण दिवस, २०८१ को अवसरमा वृक्षारोपण कार्यक्रम






वाराग्युङ मुक्ति क्षेत्र समरमा तारवार सहितको वृक्षारोपण कार्यक्रम





**एक निर्वाचन क्षेत्र एक कृषि वन कार्यक्रम अन्तर्गत लोमान्थाङ ठिङ्गारमा अयोजित कार्यक्रम**



**WCCB बैठक**




डिवका मुस्ताङको आयोजनामा विश्व वातावरण दिवस २०२४



डि.व.का मुस्ताङको नर्सरीमा उत्पादित बहुबर्षिय विरुवा



फोहरमैला व्यवस्थापन तथा सरसफाई कार्यक्रम अन्तर्गत विधालयलाई डस्टविन वितरण



वन अतिक्रमण नियन्त्रण समन्वय समितिको बैठक



प्राविधिकहरुबाट घाईते लोपउन्मुख हिमाली गिद्धको उद्दार



नर्सरी मर्मत कार्य अन्तर्गत ग्रिन नेट जाली जडान

# Proposed Area Map of DFO Mustang

